EMBASSY OF NEPAL
2131 LEROY PLACE N.W.
WASHINGTON, D.C. 20008

नेपाली राजदूतावास वासिङ्टन डि.सी.

# प्रेस विज्ञप्ति

"Nepal Trade Preferences" विषय समावेश भएको Trade Facilitation & Trade Enforcement Act, 2015 अमेरिकी संसदका दुवै सदनहरुबाट यस अघि पारित भई हिजो फेब्रुअरी २४, २०१६ मा राष्ट्रपति ले हस्ताक्षर गर्नुभएको छ। उक्त कानूनले नेपालबाट निर्यात हुने ६६ वटा भंसार कोडमा पर्ने तथा GSP अन्तर्गतको सुविधाका लागि योग्य नभएका नेपालबाट निर्यात हुने Carpet लगायतका बस्तुहरु Headgear, Shawls, Scarves र Travel goods मा भन्सार रहित सुविधा उपलब्ध हुने भएको छ।

"आगामी १० वर्षसम्मका लागि नेपाललाई उपलब्ध हुने यो सुविधाले गर्दा नेपालमा लगानीका अवसरहरु सृजना हुने एवं निकासी व्यापार प्रवर्धन तथा रोजगार अभिबृद्धि भई उच्च आर्थिक बृद्धिदर हासिल गर्न सघाउ पुग्ने भएकोले यो कानूनले प्रदान गरेको सुविधालाई अधिकतम सदुपयोग गर्न सके नेपालको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुग्ने देखिएको महामहिम राजदूत डा. अर्जुन कुमार कार्कीले बताउनु भयो।"

यस कानूनले नेपाललाई व्यापार सहजीकरण तथा क्षमता विकासका लागि अवसरहरु उपलब्ध गराएको छ। जस अन्तर्गत सरकारी तथा निजी क्षेत्रलाई फाइदा पुग्ने technical assistance for export enhancement, export finance training, maintaining database & publications आदि छन्।

नेपाललाई यस प्रकारको सुविधा उपलब्ध गराउन कानून निर्माणको शुरु देखि नै लबिङ गर्नुहुने नेपाललाई माया गर्ने अमेरिकीहरु, निजी क्षेत्र लगायत कंग्रेस तथा सिनेटका सदस्यहरु र अमेरिकी राष्ट्रपतिलाई महामहिम राजदूतले हार्दिक धन्यवाद दिनुभयो।

नेपाली राजदूतावास
वासिङ्गट्न डि.सी.
फेब्रुअरी २५, २०१६

PHONE: (202) 667-4550, FAX: (202) 667-5534 E-MAIL: info@nepalembassyusa.org